बैठक संख्याः १२ /०७८

मितिः २०७८/०७/१५

<u>निर्णयहरू:</u>

१. सबै प्रदेश मन्त्रालय एवं प्रदेशस्तरीय निकायले आ-आफ्नो मन्त्रालय/निकाय मातहत रहेका कार्यालयहरुको विद्यमान संगठन संरचना, दरवन्दी विवरण, कार्यालयको क्षेत्राधिकार, संघीय सरकार तथा स्थानीय तहसंगको कार्य दोहोरोपना, कार्य वोझ, कार्य प्रकृति एवं हाल सम्पादित कार्य (प्रतिदिन औसत कामको परिमाण समेतः उदाहरणका लागि अनुमती पत्र दिने भए एक दिनमा औसत कति अनुमतीपत्र दिने गरिएको छ? एकदिनमा सरदर कति फर्म दर्ता हुन्छन? हरेक दिन कति संख्यामा पत्राचार हुन्छ?) जस्ता विवरण खुलाई प्रदेश सरकाको वार्षिक बजेट तथा कार्यक्रम र प्रदेश सरकारबाट गठित उच्चस्तरीय समितिको प्रतिवेदन समेत दृष्टिगत गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन कार्य यथाशिघ्र अगाडि बढाउने।

२. कार्तिक पहिलो हप्तामा आएको अविरल वर्षाबाट सृजित बाढी, पहिरो र डुवानका कारण भएको क्षती, सो वापतको राहत, क्षतिपूर्ती, परिपुरणका एवं पुनस्थापनाका सन्दर्भमा प्रदेश मन्त्रालयहरुबाट आ-आफ्नो कार्यक्षेत्र भित्र हालसम्म गरिएका प्रयास समेतको बस्तुस्थिति विवरण आगामी सचिव वैठकमा प्रस्तुत गर्ने।

३. चाडबाडको समयमा शान्ति सुव्यवस्था कायम राख्न, आपूर्ती व्यवस्था सहज बनाउन एवं उपभोक्ताको हक हितको सुरक्षा गर्न एवं सम्भावित दुर्घटना रोकथामका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक पहल, प्रवन्ध एवं समन्वय गर्ने।